# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, श्रावण ३२ गते, २०७८ साल (अतिरिक्ताङ्क ८


## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

<u>प्रस्तावनाः</u> प्रदेश नं. १ सरकारको नीति, कार्यक्रम र कार्ययोजना र सो बाट प्राप्त उपलब्धी, सम्भावना तथा चुनौती एवम् जनताको चासो, गुनासो तथा सरोकारका विषयमा आम सञ्चारका माध्यमबाट जनतालाई नियमित सुसूचित गर्ने उद्देश्यले जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (१) को अधिकार प्रयोग गरी प्रदेश नं. १ सरकारले यो कार्यविधि बनाई लागू गरेको छ।

१. <u>संक्षिप्त, नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम **"जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७८"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"अनुदान"** भन्नाले जनतासँग मुख्यमन्त्री कार्यक्रमका सामग्री उत्पादन गर्ने र उत्पादित त्यस्तो सामग्री सञ्चालन, प्रसारण वा प्रकाशन गर्ने संस्थालाई यस कार्यविधि बमोजिम उपलब्ध गराउने रकम सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन, प्रसारण वा प्रकाशन गर्ने जनतासँग मुख्यमन्त्री कार्यक्रम सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ग) **“कार्यालय”** भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(घ) **“प्रदेश सरकार”** भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ङ) **“मुख्यमन्त्री”** भन्नाले प्रदेश नं. १ को मुख्यमन्त्री सम्झनु पर्छ।

(च) **“सञ्चार माध्यम”** भन्नाले प्रचलित सङ्घीय वा प्रादेशिक कानून बमोजिम स्थापित भै सञ्चालनमा रहेको एफ.एम., रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईनलाई सम्झनु पर्छ र सो शब्दले अन्य आम सञ्चारका साधन समेतलाई जनाउँछ।

(छ) **“संस्था”** भन्नाले खण्ड (च) बमोजिम स्थापित र सञ्चालित एफ.एम., रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईन लगायतका आम सञ्चारसँग सम्बन्धित संस्था सम्झनु पर्छ।

(ज) **“समिति”** भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम गठित संस्था छनौट तथा अनुदान सिफारिस समिति सम्झनु पर्छ।

३. <u>अनुदान दिन सक्ने</u>: (१) जनतासँग मुख्यमन्त्री कार्यक्रम उत्पादन, छायाङ्कन, सञ्चालन, प्रसारण वा प्रकाशन गर्ने आम सञ्चारका माध्यममध्ये एफ.एम., रेडियो, टेलिभिजन, पत्रपत्रिका र अनलाईनलाई यस कार्यविधि बमोजिम कार्यालयले वार्षिक अनुदान दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपदफा (१) बमोजिम अनुदान रकम टेलिभिजनबाट प्रसारण हुने कार्यक्रमको हकमा कार्यक्रम उत्पादन, छायाङ्कन, सञ्चालन र प्रसारण गर्ने कुनै एक संस्था वा एक भन्दा बढी संस्थालाई संयुक्त रुपमा उपलब्ध गराउन सकिनेछ।

तर, यस उपदफामा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रम उत्पादन गर्ने वा छायाङ्कन गर्ने वा सञ्चालन गर्ने वा प्रसारण गर्ने छुट्टाछुट्टै संस्थालाई अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम अनुदान रकम एफ.एम., रेडियोबाट प्रसारण गरिने कार्यक्रमको हकमा कार्यक्रम उत्पादन र प्रसारण गर्ने कुनै एक संस्था वा एक भन्दा बढी संस्थालाई संयुक्त रुपमा उपलब्ध गराउन सकिनेछ।

तर, यस उपदफामा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रम उत्पादन वा प्रसारण गर्ने छुट्टाछुट्टै संस्थालाई अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

(४) पत्रपत्रिका वा अनलाईनबाट जनतासँग मुख्यमन्त्री कार्यक्रम अन्तर्गत प्रदेश सरकारद्वारा गरिने वा गरिएका कार्यको जानकारीमूलक सूचना सामग्री प्रकाशन गर्ने संस्थाहरुलाई उपलब्ध गराउन सकिनेछ।

(५) यस कार्यविधि बमोजिम जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन, प्रसारण वा प्रकाशन गर्ने सबै संस्थालाई अनुदान रकम उपलब्ध गराइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(६) उपदफा (५) बमोजिम अनुदान रकम उपलब्ध गराउँदा कार्यक्रम सञ्चालन, प्रसारण वा प्रकाशन गर्न सक्ने क्षमताका आधारमा त्यस्ता संस्थालाई फरक फरक परिमाणमा अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

तर, अनुदान रकम उपलब्ध गराउँदा समान मापदण्ड पूरा गरेका एवम् समान क्षमता भएका संस्थालाई समान ढङ्गले अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

४. **निवेदन माग गर्ने**: (१) यो कार्यविधि प्रारम्भ भएको पन्ध्र दिन भित्र कार्यालयले जनतासँग मुख्यमन्त्री कार्यक्रम उत्पादन, छायाङ्कन, सञ्चालन र प्रसारण वा प्रकाशन गर्न इच्छुक संस्थालाई सात दिनको म्याद दिई निवेदन पेश गर्न राष्ट्रिय पत्रपत्रिका वा स्थानीय पत्रपत्रिका वा कार्यालयको वेबसाइट मार्फत् सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम उत्पादन, छायाङ्कन, सञ्चालन र प्रसारण वा प्रकाशन गर्न इच्छुक संस्थाले निवेदनसाथ देहाय बमोजिमको कागजातहरु संलग्न गर्नु पर्नेछः-

(क) सञ्चारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण समेत),

(ख) विधान वा प्रवन्धपत्र वा सोही बमोजिमको कागजातको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ङ) कार्यक्रम प्रसारण वा पत्रपत्रिका प्रकाशन गर्ने इजाजतपत्र नवीकरणको प्रतिलिपि,

(च) नियमित प्रसारण प्रमाणपत्र (लाइसेन्स),

(छ) अनलाइन सञ्चारमाध्यमको हकमा पब्लिक डोमेन रेकर्डको प्रिन्ट (सञ्चालकको नाम र कम्पनीको विवरण देखिनुपर्ने) र अनलाइनको होमपेजको स्क्रिनप्रिन्ट (सञ्चालक, सम्पादक, सम्पर्क फोन नं., इमेल लगायत सूचना तथा प्रसारण विभागको दर्ता नं. समेत देखिनुपर्ने) समेत संलग्न गर्नु पर्नेछ, र

(ज) कभरेज एरिया, प्रकाशन र वितरणको सङ्ख्या विवरण।

(३) उपदफा (२) बमोजिमका कागजपत्रको प्रतिलिपि पेश गर्दा संस्थाको छाप र सम्बन्धित संस्थाको प्रमुखले प्रमाणित गरेको हुनु पर्नेछ।

५. **<u>समिति सम्बन्धी व्यवस्था</u>:** (१) दफा ४ बमोजिम माग गरिएका निवेदनहरुको मूल्याङ्कन गरी कार्यक्रम उत्पादन, छायाङ्कन, सञ्चालन र प्रसारण वा प्रकाशन गर्न योग्य संस्थाको नाम र अनुदान रकम सिफारिस गर्न देहाय बमोजिमको एक संस्था छनौट तथा अनुदान सिफारिस समिति रहनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय,

(क) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (शासकीय सुधार तथा समन्वय महाशाखा) - संयोजक

(ख) आन्तरिक मामिला तथा कानून मन्त्रालयको अधिकृतस्तर नवौं वा दशौं तह वा सो सरहको अधिकृत कर्मचारी एक जना - सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको कम्तिमा सातौं तहको अधिकृत कर्मचारी - सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा सम्बन्धित विषयको विज्ञ दुई जनालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले आफ्नो बैठक सम्बन्धी कार्यविधि आवश्यकता बमोजिम आफै निर्धारण गर्नेछ।

६. <u>संस्था छनौट तथा अनुदान रकम सिफारिस सम्बन्धी व्यवस्था</u>ः (१) समितिले दफा ४ बमोजिम प्राप्त निवेदनहरुको मूल्याङ्कन गरी कार्यक्रम उत्पादन, छायाङ्कन, सञ्चालन र प्रसारण वा प्रकाशन गर्न योग्य संस्थाको सूची तयार गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम संस्थाको नाम सिफारिस गर्दा त्यस्तो संस्थाको कार्यक्रम उत्पादन, सञ्चालन र प्रसारण वा प्रकाशन गर्न सक्ने क्षमता र उक्त संस्थालाई उपलब्ध गराइने अनुदान रकम समेत खुलाई पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) समितिले उपदफा (१) बमोजिम संस्थाको छनौट गर्दा देहायको मापदण्डको आधारमा गर्नेछः-

(क) दफा ४ को उपदफा (२) र (३) मा तोकिए बमोजिमको कागजपत्र पेश गरेको, र

(ख) दफा ७ बमोजिमको मापदण्ड पूरा गरेको।

(४) उपदफा (१) र (२) बमोजिम समितिले सिफारिस गरेको संस्थाको क्षमता र अनुदान रकम समेतलाई विचार गरि नाम सिफारिस भएको संस्थालाई कार्यालयले विनियोजित बजेटका आधारमा उपलब्ध गराउने अनुदान रकमको निर्णय गर्नेछ।

तर, यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी स्वामित्वमा रहेको संस्थासँग कार्यालयले कार्यक्रम उत्पादन वा छायाङ्कन वा सञ्चालन वा प्रसारण वा प्रकाशन गर्न सोझै सम्झौता गरी त्यस्तो सम्झौतामा तोकिएका सर्तहरुको पालना गर्नेगरी अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

७. <u>संस्था छनौटको मापदण्डः</u> (१) कार्यक्रम उत्पादन गर्ने संस्थाले देहाय बमोजिमको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) कानून बमोजिम दर्ता भएको,

(ख) प्रत्येक आर्थिक वर्षमा नवीकरण भएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ग) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई कानून बमोजिम बुझाउनु पर्ने कर, राजस्व प्रत्येक आर्थिक वर्षमा नियमित रुपमा बुझाएको, र

(घ) कम्तीमा सोह्र घण्टा कार्यक्रम लगातार प्रसारण गरिरहेको।

(२) कार्यक्रम सञ्चालन, प्रसारण वा प्रकाशन गर्ने संस्थाले देहाय बमोजिमको न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको,

(ख) प्रत्येक आर्थिक वर्षमा नियमित नवीकरण भएको,

(ग) कानून बमोजिम प्रत्येक आर्थिक वर्षमा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहमा बुझाउनु पर्ने कर चुक्ता गरेको, र

(घ) कम्तीमा लगातार बाह्र घण्टा वा सो भन्दा बढी कार्यक्रम प्रसारण गरिरहेको।

(३) उपदफा (१) र (२) बमोजिमको मापदण्ड पूरा भएको संस्थाहरुमध्ये सबैभन्दा बढी क्षमता र लामो अनुभव भएका संस्थालाई विशेष प्राथमिकता दिइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

८. **सम्झौता गर्नु पर्ने**: (१) यस कार्यविधि बमोजिम कार्यक्रम उत्पादन, सञ्चालन, प्रसारण वा प्रकाशनका लागि स्वीकृति प्राप्त गरेका संस्थाले कार्यालयसँग सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको सम्झौता पत्रमा तोकिएको सर्तको पालना गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ।

९. **अनुदान रकमको भुक्तानी**: कार्यालयको निर्णय बमोजिम कार्यक्रम उत्पादन, सञ्चालन, प्रसारण वा प्रकाशन गर्ने संस्थालाई प्रचलित कानून बमोजिमको कर कट्टा गरी बाँकी रकम दुई किस्तामा सम्बन्धित संस्थाको बैङ्क खातामा उपलब्ध गराइनेछ।

१०. **अनुगमन गरिने**: (१) यस कार्यविधि एवम् सम्झौता बमोजिम संस्थाले कार्यक्रम उत्पादन, सञ्चालन र प्रसारण वा प्रकाशन गरे नगरेको सम्बन्धमा समिति र कार्यालयले नियमित अनुगमन गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि एवम् सम्झौता बमोजिम संस्थाहरुले कार्यक्रम उत्पादन, सञ्चालन र प्रसारण वा प्रकाशन गरे नगरेको सम्बन्धमा अनुगमन गर्न कार्यालयले आवश्यक सङ्ख्यामा विषयविज्ञलाई कार्य विवरण तोकी करार सम्झौता गरी अनुगमन कर्ताको रुपमा खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमनका लागि खटाइएका विषय विज्ञलाई  कार्यालयले यस कार्यविधि बमोजिम

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

खर्च गरिने रकममा पाँच प्रतिशतमा नबढ्ने गरी सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ।

११. <u>**प्रतिवेदन पेश गर्ने:**</u> (१) एफ.एम., रेडियो र टेलिभिजनका लागि कार्यक्रम उत्पादन, सञ्चालन तथा प्रसारण गर्ने संस्थाले अन्तिम अनुदान रकम भुक्तानी लिनका लागि कार्यक्रम उत्पादन, सञ्चालन, प्रसारणको समय तालिका सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ। साथै उत्पादित तथा प्रसारित सामग्रीको विद्युतीय प्रति (सफ्ट कपि) समेत उपलब्ध गराउनु पर्नेछ।

(२) पत्रपत्रिका तथा अनलाईनबाट प्रकाशन गर्ने संस्थाले अन्तिम अनुदान रकम भुक्तानी लिनका लागि पत्रपत्रिकाको हकमा प्रकाशन गरेको सक्कलै प्रति तथा अनलाईनका हकमा प्रमाणित हुने स्क्रिनसट सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ।

१२. <u>**सम्झौता रद्द हुन सक्ने**</u>: (१) दफा १० बमोजिम अनुगमन गर्दा यस कार्यविधि तथा सम्झौतामा तोकेको सर्त बमोजिम कार्यक्रम उत्पादन, सञ्चालन र प्रसारण वा प्रकाशन नगर्ने संस्थासँग कार्यालयले त्यस्तो सम्झौता रद्द गर्न सक्नेछ।

तर त्यसरी सम्झौता खारेज गर्नु अघि सम्बन्धित संस्थालाई सफाईको मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द गरिएको संस्थाले अनुदान रकम भुक्तानी लिएको भए सो रकम कार्यालयलाई फिर्ता गर्नु पर्नेछ।

१३. <u>निर्देशन दिन सक्ने</u>: यस कार्यविधि बमोजिम कार्यालयले जनतासँग मुख्यमन्त्री कार्यक्रमको कार्यक्रम उत्पादन, छायाङ्कन, सञ्चालन र प्रसारण वा प्रकाशनका लागि सम्झौता भएका संस्थाहरुलाई आवश्यक थप निर्देशन दिन सक्नेछ।

१४. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधि कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा कार्यालयको निर्णय अन्तिम हुनेछ।

१५. <u>संशोधन:</u> प्रदेश सरकारले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

१६. <u>खारेजी र बचाउ</u>: (१) यो कार्यविधि प्रारम्भ भए पछि जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वतः खारेज हुनेछ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि कार्यान्वयनमा रहेको जनतासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम भए गरेका काम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

स्वीकृत मितिः- २०७८/०४/३२

आज्ञाले,
सरोज प्रसाद गुरागाई
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**